# मिति २०७८ साल वैशाख ५ गतेको सचिव बैठको निर्णय

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

निर्णयः

१. अध्यागमन विभाग काठमाण्डौबाट आर्थिक मामिला तथा योजना मन्त्रालय गण्डकी प्रदेशमा सरुवा भई आउनु भएका प्रदेश सचिव श्री रमेश कुमार के.सी. लाई स्वागत गरियो ।

२. आर्थिक मामिला तथा योजना मन्त्रालय गण्डकी प्रदेशबाट उद्योग वाणिज्य तथा आपुर्ती मन्त्रालय काठमाण्डौमा सरुवा भई जान लाग्नु भएका प्रदेश सचिव श्री चन्द्रकला पौडेललाई हार्दिक विदाई गरियो ।

<u>मिति २०७८ साल जेष्ठ २ गतेको सचिव बैठकको निर्णय</u>

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

निर्णयः

१. कोरोना भाइरसको दोस्रो लहरको कारण प्रदेशमा भएको निषेधाज्ञाको अवस्थामा कार्यालय सञ्चालन, सेवा प्रवाह, विकास निर्माणको अवस्था, चालु र पुँजिगत खर्च, काम गर्दा आएका समस्या र चुनौतीको बारेमा छलफल भयो ।

२. प्रदेश सरकारका मन्त्रालय र मातहतका कार्यालयहरुमा स्वास्थ्य मापदण्ड अवलम्वन गरी सेवा प्रवाह र दैनिक कार्य सुचारु राखे।

३. आगामी आ.ब. ०७८/०७९ को नीति तथा कार्यक्रम र बजेट प्रदेश सभामा पेश गर्ने समय नजिक आएकोले बजेट निर्माण कार्यलाई शिघ्रता दिने ।

४. वजेट निर्माण गर्दा बहुवर्षिय आयोजनाहरुलाई पर्याप्त वजेट पुग्ने गरी प्राथमिकता दिने ।

५. बेरुजु फस्र्योट कार्यलाई प्राथमिकता दिने र बेरुजु फस्र्योटको प्रगति विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाउने।

६. ठुला तथा राष्ट्रिय गौरवका आयोजनाहरुमा काम गरिरहेका कामदारहरुलाई निरन्तर काम गर्ने वातावरण मिलाई स्वास्थ्य मापदण्डको पालना गर्दै निर्माण कार्य सुचारु गर्ने ।

# मिति २०७८ साल असार ४ गतेको सचिव बैठकको निर्णय

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

निर्णयहरू:

१. हाल प्रदेश सभाको अधिवेशन चलिरहेको अवस्थामा आफ्नो मन्त्रालयका सम्बन्धमा सभामा उठेका विषयहरुको टिपोट गर्नका लागि सबै मन्त्रालयहरूले कम्तिमा एक/एक जना अधिकृत कर्मचारीलाई प्रतिनिधिको रुपमा खटाउने व्यवस्था गर्ने।

२. नयाँ स्थापना भएका मन्त्रालयहरुको कार्यालय व्यवस्थापन, माननीय मन्त्रीहरूको आवासको व्यवस्था समेतको विषयमा नीतिगत निर्णय गर्ने प्रक्रिया मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अगाडि बढाउने।

३. सबै मन्त्रालयहरुको बार्षिक बजेट र कार्यक्रमहरु PLMBIS मा सम्बन्धित मन्त्रालयको माननीय मन्त्री, माननीय अर्थ मन्त्री, अर्थ सचिव र सम्बन्धित मन्त्रालयको सचिवको संलग्नतामा प्रविष्टि गर्ने व्यवस्था मिलाउने।

४. आ.व. २०७७/०७८ को वार्षिक विकास कार्यक्रमको प्रगतिको सम्बन्धमा समीक्षा आर्थिक वर्ष सकिएको पहिलो हप्तामा गर्ने।

५. सबै मन्त्रालयहरुले बेरुजु फछ्यौंटमा ध्यान दिई प्रत्येक महिनाको प्रगतिको विवरण यथाशिघ्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने व्यवस्था मिलाउने।

# मिति २०७८ साल असार २८ गतेको सचिव बैठकको निर्णय

निर्णयहरू:

१. नेपाल सरकारको मिति २०७८।०३।१७ को निर्णयानुसार यस प्रदेशको प्रमुख सचिवको रुपमा आउनु भएका प्रमुख सचिव डा. दामोदर रेग्मीज्यूलाई हार्दिक स्वागत गर्दै कार्यकाल सफलताको लागि शुभकामना व्यक्त गरियो।

२. सबै मन्त्रालयहरुले आ.व. २०७७/०७८ को मन्त्रालयगत प्रगति समीक्षा मिति २०७८।०४।१० गतेभित्र सम्पन्न गर्ने र श्रावणको दोस्रो हप्ताभित्र PMDAC गर्ने।

३. सबै मन्त्रालयहरूले आगामी सचिव बैठकमा आउँदा आगामी आ.व. को वार्षिक विकास योजना कार्यान्वयन गर्दा आवश्यक पर्ने खरिद योजनाको विवरण सहित आउने।

४. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रदेशभित्र कोरोना विरूद्धको खोप लगाउनु पर्ने जनसंख्या, लगाइसकेको जनसंख्या, खोप प्राप्त हुन सक्ने सम्भाव्यता समेतको आंकलन गरी खोप योजना (Vaccine Plan) तयार गर्ने।

५. अर्थ मन्त्रालयले आगामी आर्थिक वर्षको बजेटको कार्यान्वयन कार्ययोजना तयार गर्ने साथै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सरकारको वार्षिक नीति तथा कार्यक्रमको कार्यान्वयन कार्ययोजना तयार गर्ने।

प्रमुख सचिव

# मिति २०७८ साल श्रावण ५ गतेको सचिव बैठकको निर्णय

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश

निर्णयहरूः

१. मन्त्रालयहरूबाट आ.व. २०७७/०७८ मा सञ्चालन गरिएका कार्यक्रमहरूको वार्षिक प्रगति संक्षीप्त रुपमा प्रस्तुत गरियो।

२. नीति तथा कार्यक्रम अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७७ मा तोकिए बमोजिमको प्रावधान, प्रकिया र समयावधीमा चालु आ.व. को वार्षिक विकास कार्यक्रम कार्यान्वयन कार्य योजना स्वीकृत गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट तयार गरिएको अनुगमन सफ्टवेयरमा प्रविष्ट गरी कार्यान्वयनमा ल्याउने।

३. आ.व. २०७७/०७८ मा सञ्चालित वार्षिक विकास कार्यक्रमहरूको यथाशिघ्र वार्षिक प्रगति समीक्षा सम्पन्न गर्ने।

४. वार्षिक विकास कार्यक्रम कार्यान्वयन गर्न आवश्यक कार्यविधि/मापदण्ड तर्जुमा गर्न पर्ने भएमा २०७८ भाद्र मसान्तसम्म तर्जुमा गरिसक्ने।

५. मातहतका कार्यालहरूलाई खर्च गर्ने अख्तियारी पठाउनु पर्ने भएमा तत्काल पठाउने।

६. आ.व. २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना (Action Plan) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तयार गर्ने।

७. चालु आ.व.को वार्षिक विकास कार्यक्रममा दोहोरिएका कार्यक्रम, अस्पष्ट भएका कार्यक्रम भएमा सम्वन्धित मन्त्रालयले संशोधनको लागि अर्थ मन्त्रालयसँग समन्वय गर्ने।

८. परामर्श सेवाबाट सम्पादन गर्नुपर्ने कार्यक्रमहरु भएमा सो को सम्झौता असोज मसान्त सम्म गरिसक्ने गरी कार्यक्रम अगाडि बढाउने।

९. प्राप्त उजुरी, गुनासो फछर्यौट कार्यलाई तदारुकताकासाथ अगाडि बढाउने।

१०. मन्त्रालयहरूले आन्तरिक कर्मचारी व्यवस्थापन श्रावण मसान्तसम्म गरिसक्ने।

११. बेरुजु फछर्यौट कार्यलाई उच्च प्राथमिकता दिने। सबै मन्त्रालहरूले बेरुजू फछर्यौटको कार्य योजना बनाउने।

१२. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण निर्देशिका कार्यान्वयनको लागि जे.सि. फोकल पर्सन तोक्न बाँकि भएमा अविलम्ब तोक्ने।

१३. सबै मन्त्रालयले खरिद कार्ययोजना बनाउने।

१४. अर्थ मन्त्रालयले बजेट कार्यान्वयनको कार्ययोजना बनाउने।

१५. सबै मन्त्रालयले गर्नुपर्ने कार्यक्रमहरूको परिणाममूलक कार्ययोजना बनाई कार्यान्वयन गर्ने।

१६. आगामी बैठकमा उपरोक्त विषयको प्रगति विवरण उपलब्ध गराउने।

प्रमुख सचिव